नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५
# राजविराज दैनिक
वर्ष ३४ अंक १२० २०८१ साल मंसिर २४ गते सोमबार (9 Dec. 2024 Monday) मूल्य रु. ५/-
**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : स्वास्थ्यकर्मीहरुको सुरक्षामा.. ३ पृष्ठमा : धर्म, कमाई र मनोरञ्जनका ... ३ पृष्ठमा सिरियामा असद शासन ...

# झ्यालमा झुण्डिएको अवस्थामा अस्पतालका कर्मचारी फेला

**दैनिक समाचारदाता**
**राजविराज, २३ मंसिर ।**

राजविराजस्थित जिल्ला खेलकुद विकास समिति कार्यालय परिसरमा रहेको कभर्ड हलको झ्यालमा झुण्डिएको अवस्थामा गजेन्द्र नारायण सिंह अस्पतालका एक कर्मचारी मृत फेला परेका छन् ।

आईतवार विहान सो अस्पतालमा कार्यालय सहयोगी पदमा कार्यरत ५५ वर्षीय सुधिर कुमार झाको मृत शरीर झुण्डिएको अवस्थामा फेला परेको हो ।

सप्तरीको छिन्नमस्ता गाउँपालिका ३ गोविन्दपुर निवासी झा विगत २५ वर्षदेखि गजेन्द्र नारायण सिंह अस्पतालमा कार्यरत थिए । उनी अस्पताल परिसरमै अस्पताल प्रशासनले उपलब्ध गराएको क्वाटर (कोठा)मा सपरिवार बस्दै आएका थिए ।

कार्यालय परिसरभित्रै रहेको हनुमान मन्दिरमा पुजा गर्न विहान पुगेका भक्तजनहरुले कभर्ड हलको झ्यालमा एक व्यक्ति झुण्डिएको देखेपछि प्रहरीलाई खबर गरेका थिए ।

घाटीमा नाइलनको डोरीले पासो लगाई झुण्डिएको अवस्थामा झाको मृत शरिर फेला परेको खबर फैलिएपछि ठुलो संख्यामा नगरवासी घटना स्थलमा जम्मा भएका थिए ।

परिवारजनले भने उनको हत्या भएको दावी गरेका छन् । मृतकका जेठान फुल कुमार झाले कसैले मिलोमतो गरी हत्या गरेर आत्महत्या बनाउन झुण्डयाएको दावी गरे ।

"घरमा कुनै तनाव थिएन, सबै राम्रै थियो, उनले थपे-हत्यालाई आत्महत्या बनाउन खोजिएको हो ।" उनले घटनाको उच्च स्तरीय छानविन हुनुपर्ने माग समेत गरेका छन् । नगरमा अपराध रोक्न ठाउँ ठाउँमा सिसि क्यामेरा जडान गरिएको छ, उनले भने-ती सबैको फुटेज चेक गरिनुपर्छ ।'

घटनास्थलमा पुगेका छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले उक्त



घटना शंकास्पद देखिएको भन्दै सुक्ष्म अनुसन्धान गरी सत्यतथ्य सार्वजनिक गरिनुपर्ने माग गरे ।

सुरक्षा संवेदनशीलता, चोरी, लुटपाट, दुर्घटना लगायतका अपराध नियन्त्रण गर्न नगरका ७४ स्थानमा राजविराज नगरपालिकाले उच्च क्षमतायुक्त सिसि टिभी जडान गरेको छ । तर अहिले २९ वटा मात्र क्यामेराले काम गरिरहेको प्रहरीको भनाई छ ।

एक महिनाअघि मात्र ७४ मध्ये ६२ स्थानमा विग्रेका क्यामेरा मर्मत कार्य सम्पन्न गरी कार्य सुचारु गरिएकोमो अहिले फेरि विग्रीएर २९ वटा क्यामेराले मात्र काम गरिरहेको प्रहरी नायव उपरीक्षक जीतेन्द्र कुमार बस्नेतले जानकारी दिए । उनले घटनास्थल आसपासका चालु रहेका सिसि टिभीको फुटेजको पनि अध्ययन कार्य थालिएको जानकारी दिए । नगरको सुरक्षाका लागि लाखौ रकम खर्चेर जडान गरिएका अधिकांश सिसि टिभी क्यामेरा विग्रेको र मर्मत कार्य समयमै सम्पन्न गर्न सम्बन्धित निकायले चासो नदेखाएको भन्दै नगरवासीले असन्तुष्टि समेत व्यक्त गरेका छन् ।

प्रारम्भिक अनुसन्धानले झाको मृत्यु शंकास्पद भएपनि हत्या जस्तो संकेत प्रहरीले भेटेको छैन । पोष्टमार्टम रिर्पोट आएपछि मात्रै मृत्युको यकिन कारण बुझिने प्रहरीको भनाई छ ।

प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडाले मृतक झाको गोजीबाट सुसाईड नोट फेला परेको बताए । सुसाईड नोटमा उनले आफ्ना समस्या तथा विभिन्न व्यक्तिसँग भएको लेनदेनका विषय पनि उल्लेख गरेका छन् ।

यद्यपी उक्त सुसाईड नोट उनकैद्वारा हस्तलिखित भए/नभएको तथा अन्य परिस्थिति लगायतका विषय समेटेर विभिन्न कोणबाट समेत घटनाबारे सुक्ष्म अनुसन्धान भइरहेको प्रहरीको भनाई छ ।

घटनापछि आक्रोशित परिवारजनले घटनास्थलबाट शव उठाउन प्रहरीलाई केही बेर अवरोध पुऱ्याएपनि प्रहरी उपरिक्षक खतिवडाको उपस्थितिमा घटना बारे सुक्ष्म अनुसन्धान गरिने प्रतिबद्धता आएपछि परिवारजनले शव उठाउन दिएका थिए ।

झाको शव आइतवार साँझ पोष्टमार्टका लागि धरान स्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाई घटना बारे आवश्यक अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# सयौं पशु चौपाया भारतीय सिमानामा रोकिए




**दैनिक समाचारदाता**
**बारा, २३ मंसिर ।**

विश्व प्रसिद्ध बारा बरियापुर स्थित पञ्चवर्षीय गढीमाई मेलाको आइतबार मुख्य दिन । मेलामा बली दिन भारतीयहरूले ल्याउँदै गरेको सयौं पशु चौपाया भारतीय सिमानामा रोकेर फिर्ता पठाएको छ ।

गढीमाई मन्दिरमा गरिएको भाकल पूरा भएपछि भारत बिहारको विभिन्न स्थानबाट बली प्रदान गर्न भक्तजनहरूले ल्याएको राँगा र बोका ल्याउँदै गरेकोमा एक गैर सरकारी संस्थाका प्रतिनिधिहरूले भारतीय सिमानामा रोकेर फिर्ता पठाएका हुन् ।

पशु बलीको विरोध गर्दै आएका भारतीय गैर सरकारी संस्था वर्ल्ड लाइफ दिल्लीबाट आएका प्रतिनिधिहरू पछिल्लो केही दिनयता भारतीय सीमा नाकाहरुमा सक्रिय छन्। बारा बरियापुर स्थित विश्व प्रसिद्ध गढीमाई मन्दिरमा भारत बाट आउने मुख्य नाकाहरूमा उनीहरूले भारतीय प्रहरीको सहयोगमा पशु चौपाया रोकेर फिर्ता पठाइरहेको प्रत्यक्षदर्शीले बताए ।

गढीमाई मन्दिरमा बलीको लागि भारतबाट पशु चौपाया लिएर आउने मुख्य भारतीय सीमानाकाहरु रक्सौल, आदापुर, छौडादानो, सन्तगन्ज, झरौखर, जमुनिया, बैरगनिया लगायत रहेको छ । एक सातादेखि सक्रिय ती संस्थाका प्रतिनिधिहरूले गढीमाई मन्दिरमा बलीको लागि विभिन्न नाका हुँदै ल्याउन लागिएको ५०० भन्दा बढी राँगा र बोका भारतीय सिमानाबाट फिर्ता पठाएको भारतीय सीमा सुरक्षा बल एसएसबी स्रोतले जनाएको छ ।

यद्यपि बिहारको विभिन्न स्थानबाट गढीमाई मन्दिरमा बली दिन ल्याएको ठुलो सङ्ख्यामा राँगा र बोका भक्तजनहरूले चोर नाका हुँदै भित्राउन सफल भएका छन् ।

बारा महागढीमाई नगरपालिका १ बरियापुर स्थित विश्व प्रसिद्ध गढीमाई मेला मङ्सिर १ गते देखि सुरु भएको हो । गढीमाई मेलामा हिजो शनिवार अहिले सम्मकै उच्च भिड देखिएको थियो ।

विश्वमै पशु बलिको रूपमा प्रख्यात रहेको बरियापुर गढीमाई मेलामा देश विदेश बाट दर्शनार्थीहरु आउने क्रम जारी रहेको छ । यस वर्षको मेलामा करिब ३ करोड दर्शनार्थी मेलाको अवलोकन गर्ने मेला समितिले अनुमान गरेको छ ।

मङ्सिर २३ गते आइतबार आइतबार विशेष पूजा सम्पन्न भए पछि पशु बलि दिने काम सुरु हुने मेला मूल व्यवस्थापन समितिका अध्यक्ष एवं महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र प्रसाद यादवले बताए ।

विश्व प्रसिद्ध गढीमाई मेला प्रत्येक पाँच वर्षमा लाग्ने गर्छ । मङ्सिर १ गते देखि सुरु भएको गढीमाईको मेला मङ्सिर ३० गते सम्म चल्ने छ ।

# धादिङको कृष्णभिरमा ग्यासको बुलेट दुर्घटना, सतर्कता अपनाउन आग्रह

धादिङ, २३ मङ्सिर (रासस) ।

चितवनबाट काठमाडौँतर्फ आउदै गरेको भारतीय ग्यास बुलेट धादिङमा दुर्घटनामा परेको छ । पृथ्वी राजमार्गअन्तर्गत धादिङको बेनिघाट रोराङ गाउँपालिका-७ कृष्णभीरमा आइतबार बिहान दुर्घटनामा परेको हो । बुलेट सडकबाट तल खसेको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय गजुरीका अनुसार अहिले उद्धार जारी छ । यद्यपि घाइते कोही पनि भेटिएको छैन । अहिले चालक र सहचालकको खोजी भइरहेको छ । सडकबाट तल खसेको गाडीको केही भाग भीरमा अड्किएको छ ।

सो क्षेत्र नजिकैका वासिन्दालाई आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ । ग्यास चुहावट भएको देखिएमा तुरुन्त प्रहरीको १०० नम्बरमा जानकारी गराइदिन पनि अनुरोध गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय गजुरीका प्रहरी निरीक्षक सुरज श्रेष्ठले जानकारी दिनुभयो ।



## सम्पादकीय

# गरिबलाई हेर्ने दृष्टिकोण फरक गरौं

सरकारी तथा गैरसरकारी तवरबाट समाजमा रहेको गरिबी न्यूनीकरणका लागि थुप्रै प्रयास भैरहेको छ । तर पनि गरिबीको प्रतिशत उस्तै छ । गरिबी न्यूनीकरणका सवालमा दाता राष्ट्रहरूबाट आएको रकमको भोलुम र विकासोन्मुख मुलुकमा रहेका गरिबहरूलाई तुलना गरेर हेर्ने हो भने त्यही पैसा बाँडिदिएको भए पनि गरिबी हटिसक्नुपर्ने हो तर गरिबी झन् बढिरहेको छ । जुन गरिबहरूको गरिबी हटाउनको लागि भनेर रकम ल्याइएको हुन्छ उनीहरूलाई त्यो रकम आफ्नो लागि ल्याइएको हो भनेर जानकारीसमेत हुँदैन र कति आएको छ भन्ने पनि थाहा हुँदैन ।

योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकन, लाभांशको उपभोगजस्ता चरणहरूमा कसरी जाने भन्ने विषयमा गरिबलाई जानकारी नै हुँदैन । जे दिन्छन् सो हात थाप्नु नै आफ्नो कर्तव्य सम्झने हाम्रो सामाजिक परिपाटी विद्यमान छ । रकम ल्याउनुभन्दा अगाडि वास्तवमा के विषयलाई सम्बोधन गरियो भने गरबी हट्न सक्छ भनेर सम्बन्धित गरिबहरूसँग बसेर आवश्यकता पहिचानसमेत गरिंदैन । गरिबी न्यूनीकरणको अत्यधिक रकम व्यवस्थापन तथा अन्य खर्चहरूमा नै सकिने गर्दछ । आफ्नो नाममा आएको रकमको प्रतिफल प्राप्त गर्नु आफूहरूको अधिकार हो भन्ने गरिबहरूलाई जानकारी नै छैन ।

यसरी हेर्दा गरिबी नघट्नुका कारणहरूमा गरिबीको पहिचान नै नहुनु, कार्यक्रमको आवश्यकता पहिचान र योजना तर्जुमा गरिबको सहभागिताविना नै गर्नु, कार्यक्रमको सही अनुगमन र मूल्यांकन नहुनु प्रमुख हुन् । हाम्रो समाजमा गरिबीकै कारण घरपरिवारमा दिनहुँ झगडा हुने र विछोड हुने घटना पनि सामान्य नै छन् । तसर्थ गरिबीलाई हेर्ने दृष्टिकोणलाई केवल पैसासँग मात्र नजोडी समाजमा रहेको विभेदकारी नीतिलाई तोड्न र सामाजिक चेतनालाई उकास्न सम्बन्धित निकाय अग्रसर हुनुपर्छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# स्वास्थ्यकर्मीहरुको सुरक्षामा बढ्दो चुनौती

**डा बच्चुकैलाश कैनी**

काठमाडौँ, २३ मङ्सिर (रासस) ।

जहाँ स्वास्थ्यकर्मी हुन्छन्, त्यहाँ स्वास्थ्य संस्था हुन्छ र बिरामी वा सेवाग्राही उपचारका लागि जान्छन् । रोगको परीक्षण, पहिचान, निदान र स्वास्थ्य उपचारका लागि एक अनिवार्य शर्त स्वास्थ्यकर्मीको उपस्थिति हुनु हो । त्यसैले स्वास्थ्यकर्मीहरु स्वास्थ्य संस्थाको मरुदण्ड मात्रै हैनन्, मुख्य पात्र र अभिन्न अङ्ग नै हुन् । स्वास्थ्यकर्मीहरू हाम्रो समाज, सेवाग्राही, बिरामी, उनीहरुका परिवार र स्वास्थ्य संस्थाहरुका लागि धेरै अर्थमा नायकहरू हुन् ।

हाम्रो समाजका यिनै नायक स्वास्थ्यकर्मीहरु बिरामीको सेवामा अनवरत रुपमा चौबिसै घण्टा खटी हरेक सेवाग्राहीका लागि जस्तोसुकै अवस्थामा पनि सेवा उपलब्ध गराउँदा बिरामी वा बिरामीका आफन्तहरुबाट हिंसाको सिकार हुनु परेको कुरा तथ्यांकले देखाएको छ । यो हाम्रो आजको समाजको तीतो यथार्थ हो ।

विश्व स्वास्थ्य सङ्गठनको एक प्रतिवेदनअनुसार स्वास्थ्यकर्मीमाथि हुने हिंसाको दर पेसा, समूह र मुलुकअनुसार कम्तीमा समग्रमा आठ प्रतिशतदेखि बढीमा ३८ प्रतिशतसम्म छ । यसमध्येमा स्वास्थ्यकर्मी माथिको अधिकांश हिंसा बिरामी र बिरामीको आफन्त वा कुरुवाबाट नै हुने गरेको छ । विश्वव्यापी रुपमा गरिएको अर्को एक अध्ययनअनुसार कुनै देशमा ६२ प्रतिशतसम्म स्वास्थ्यकर्मीहरूले कार्यस्थलमा हिंसाको अनुभव गरेको कुरा उल्लेख गरिएको छ । यसमध्ये सबैभन्दा बढी गैरशारीरिक हिंसाको रुपमा ५८ प्रतिशतले मौखिक दुर्व्यवहार, ३३ प्रतिशतले धम्की र १२ प्रतिशतले यौन उत्पीडनसम्बन्धी हिंसा भोगेको कुरा प्रतिवेदनमा उल्लेख छ ।

नेपालमा पनि कार्यस्थलमा स्वास्थ्यकर्मीविरुद्ध हुने हिंसा एक गम्भीर समस्या बनेको छ । यो समस्या विशेषगरी चिकित्सक र नर्सहरूमा बढी देखिएको छ । सन् २०२३ मा प्रकाशित एक अनुसन्धानका अनुसार काठमाडौँमा ३६९ स्वास्थ्यकर्मीहरूमा गरिएको एक सर्वेक्षण अध्ययनमा ५४ प्रतिशत नर्स र ४५.५ प्रतिशत चिकित्सकले आफ्नो कार्यस्थलमा कुनै न कुनै प्रकारको हिंसा भोगेको कुरा उल्लेख गरेका छन् ।

स्वास्थ्यकर्मी माथि कार्यस्थलमा हुने हिंसाका धेरै कारणहरू छन् । यसमध्ये प्रमुख कारण भनेको सेवाग्राही, बिरामी वा उनीहरुका आफन्तहरु स्वास्थ्य सेवाप्रति असन्तुष्ट हुनु हो । बिरामी वा उनीहरुका आफन्तहरूलाई कहिलेकाहीँ स्वास्थ्य सेवा प्राप्त गर्न ढिलाइ भएको हुन सक्छ । त्यस्तै कुनै कारणबस स्वास्थ्यकर्मीबाट उपचारमा त्रुटि हुनसक्छ । यसैको कारण वा अन्य कुनै कारणले बिरामीको अप्रत्याशित मृत्युपछि बिरामी वा उनीहरुका आफन्तबीच आक्रोश उत्पन्न हुन्छ । फलस्वरूप यी घटनाहरुले वा प्रतिक्रियाहरुले हिंसाको रूप लिन सक्छ ।

यसैगरी, स्वास्थ्यकर्मीहरूमा उच्च कार्यभार, स्वास्थ्य संस्थाहरुमा अपर्याप्त स्रोतसाधन र बिरामीको चापका कारण पनि स्वास्थ्य संस्थाहरुमा तनाबको अवस्था सिर्जना हुन सक्छ । यसले हिंसात्मक घटनालाई बढावा दिन सक्छ ।

स्वास्थ्यकर्मीहरुले कार्यस्थलमा भोग्ने हिंसाले उनीहरुको मानसिक र शारीरिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ । हिंसाका कारण उनीहरूको कामप्रतिको लगाव घट्न सक्छ । यसको प्रत्यक्ष प्रभाव सेवाग्राही वा बिरामीको सेवाको गुणस्तरमा पुग्छ । साथै, स्वास्थ्यकर्मीहरुले कार्यस्थलमा भोग्ने हिंसाकै कारण स्वास्थ्यकर्मीहरूमा उच्च तनाब, डिप्रेशन र बर्नआउटको समस्या पनि देखिन सक्छ । यस्ता समस्याले स्वास्थ्यकर्मीहरुलाई नकारात्मक प्रभाव पार्ने नै भयो, त्यसको असरले हाम्रो समाज, स्वास्थ्य प्रणाली र बिरामीहरूमा समेत प्रतिकूल प्रभाव पर्न सक्छ ।

धेरैजसो स्वास्थ्यकर्मीहरूले हिंसाका घटनाहरूलाई सम्बन्धित निकाय र आफ्नै स्वास्थ्य संस्थामा समेत जानकारी गराउँदैनन् । यसका मुख्य कारणहरुमा आफूले हिंसा भोगेको अवस्थामा स्वास्थ्यकर्मीहरुमा आफ्नै स्वास्थ्य संस्थाको व्यवस्थापनले आवश्यक सहयोग गर्छ भन्ने आभास नमिलेको हुन सक्छ । त्यसैगरी, प्रहरी प्रशासन वा न्याय प्रणालीप्रति अविश्वास हुनु र उनीहरुलाई आफ्नै पेशागत प्रतिष्ठामा असर पर्न सक्ने डर हुनु अरु कारणहरु हुन् । यसका साथै कतिपय स्वास्थ्य संस्थाहरूले आफ्नो आन्तारिक सुरक्षा प्रणालीलाई भौतिक वा प्राविधिक रुपमा मजबुत बनाउन सकेका छैनन् । यिनै कारणहरुले गर्दा नेपालमा स्वास्थ्यकर्मीहरुको सुरक्षामा बढ्दो चुनौती थपिएको छ ।

नेपालमा स्वास्थ्यकर्मीहरू माथि हुने हिंसासम्बन्धी स्पष्ट कानुनी व्यवस्था गरिएको छ । तरपनि त्यसको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन । स्वास्थ्य संस्थाहरुमा खटिएका स्वास्थ्यकर्मी र अन्य कर्मचारीउपर हुनसक्ने आक्रमण रोक्न, स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको तोडफोड वा अन्य कुनै कार्य गरी स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थालाई हानिनोक्सानी पुऱ्याउने व्यक्तितलाई सजाय दिलाउन स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरूको सुरक्षासम्बन्धी ऐन, २०६६ ल्याइएको छ । तरपनि व्यवहारमा यो ऐन पर्याप्त रूपमा लागू भएको देखिँदैन ।

स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसालाई कम गर्न सम्बन्धित सबै सरकारी, स्वास्थ्य संस्था, नियमन निकाय र अन्य सबै पक्षहरु मिलेर बहुआयमिक रुपमा काम गर्नु आवश्यक देखिन्छ । यस मध्ये पहिलो र तत्काल गर्न सकिने काम भनेको हाल बिध्यमान नियम र कानूनको तत्काल अक्षरश कार्यान्वयन गर्ने हो । स्वास्थ्यकर्मीको सुरक्षाका लागि बनेको कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित सबै पक्षले उचित ध्यान दिने हो भने यसलाई तत्काल कम गर्न सकिन्छ । यसका लागि स्थानीय प्रशासन, प्रहरी र स्वास्थ्य संस्थाबीच हातेमालो, समन्वय र सहयोगको आवश्यकता छ ।

स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्यकर्मी र कर्मचारीहरुलाई प्रशिक्षण दिएर तथा उनीहरुमा जनचेतना अभिवृद्धि गरेर पनि स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसालाई कम गर्न सकिन्छ । यसका लागि स्वास्थ्यकर्मीहरूलाई तना व्यवस्थापन, सञ्चार सीप र आत्मरक्षासम्बन्धी प्रशिक्षण प्रदान गर्न सकिन्छ । साथै, बिरामी र उनीहरूको आफन्तहरूमा पनि स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा र सुविधा, त्यहाँ काम गर्ने स्वास्थ्यकर्मीहरु र स्वास्थ्य सेवाको प्रक्रियाबारे उचित जानकारी दिन सक्ने हो भने यो समस्या कम गर्न केही हदसम्म सहयोग पुग्छ ।

बिरामी र उनीहरुका आफन्तहरु आफैँ तनावमा हुन्छन् । आफैँ आर्थिक, मानसिक र स्वास्थ्य समस्याहरुसँग जुधेका हुन्छन् । कतिपय अवस्थामा स्वास्थ्यकर्मीहरुले बिरामीसँग नम्र बोल्ने, साहनुभूतिपूर्वक शालीन व्यवहार देखाउने र बिरामीलाई पर्याप्त समय दिएर रोग, औषधि, उपचार, यसको प्रभाव आदिबारेमा सबै आवश्यक जानकारी दिने हो भने पनि बिरामी र स्वास्थ्यकर्मीहरुबीचको सम्बन्ध सुमधुर बनाउन सकिन्छ । यसले अवश्य पनि हिंसा रोक्न सहयोग गर्छ ।

नेपालका स्वास्थ्य संस्थाहरुमा सुरक्षा व्यवस्थाको सुदृढीकरण गर्नु जरुरी देखिन्छ । कतिपय केन्द्रीय र विशिष्ट प्रकारका सेवा उपलब्ध गराउने निजी एवं अन्य सरकारी स्वास्थ्य संस्थाहरुमा नेपाल प्रहरीले सुरक्षाकर्मी उपलब्ध गराए पनि स्वास्थ्यकर्मीहरु माथि कार्यस्थलमा हुने हिंसा रोक्न पर्याप्त छैन । त्यसैले हरेक अस्पताल र स्वास्थ्य संस्थाहरूमा आफैँले पर्याप्त सुरक्षा कर्मचारीको व्यवस्था गर्नुपर्छ । हरेक अस्पताल र स्वास्थ्य संस्थाहरू आधुनिक प्रविधिहरू जस्तै सिसिटिभी क्यामेरा र आपत्कालीन उद्धार प्रणाली वा आपत्कालीन प्रतिक्रिया प्रणालीको स्थापना गर्नु, त्यसको प्रभावकारी निरीक्षण, अनुगमन र कार्यान्वयन गराउनु पनि आवश्यक छ ।

स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसाको भौतिक, शारीरिक र मनोवैज्ञानिक पक्ष पनि छ । हरेक अस्पताल र स्वास्थ्य संस्थाहरूले हिंसाका घटनामा परेको स्वास्थ्यकर्मीलाई परामर्श र मनोवैज्ञानिक सहयोग उपलब्ध गराउनुपर्छ ताकि उनीहरूले मानसिक रूपमा पुनःसक्रियता हासिल गर्नसक्ने बनुन् र पूर्णरुपमा शारीरिक र मानसिक रुपमा स्वस्थ बनून् ।

यी सबै कुराहरुको साथसाथै नेपालमा स्वास्थ्यकर्मीहरू माथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसा कम गर्न नीतिगत सुधार पनि गर्नु जरुरी छ ।

स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि अहिले भएका नीति नियम र कानूनहरु परिमार्जन गर्दै थप कडा नियमहरु बनाउनु आवश्यक छ । यस्तो नयाँ नियममा हिंसामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्ने प्रावधान राख्नु जरुरी छ । स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा ऐन २०६६ मा आवश्यक संशोधन गरी स्वास्थ्यकर्मी माथि हातपात भएमा तत्काल गैरजमानती गिरफ्तार (जेल विदआउट बेल) गर्ने व्यवस्था प्रभावकारी बनाई लागू गर्नुपर्छ ।

नेपालमा कार्यस्थलमा स्वास्थ्यकर्मीहरू माथि हुने हिंसा एक गम्भीर समस्या हो, जसले स्वास्थ्य सेवाको उपलब्धता, पहुँच र गुणस्तरमा प्रतिकूल प्रभाव पार्न सक्छ । यस समस्याको समाधानका लागि कानुनी, संस्थागत र मनोवैज्ञानिक पक्षमा तत्काल सुधार गर्नु आवश्यक छ । त्यसैगरी नेपालमा स्वास्थ्यकर्मीहरूविरुद्ध कार्यस्थलमा हुने हिंसा रोक्नका लागि सबै सरोकारवालाहरूले मिलेर काम गर्नु पर्ने देखिन्छ । स्वास्थ्यकर्मीहरूको सुरक्षामा ध्यान नदिए स्वास्थ्य सेवा प्रणालीलाई स्थायित्व दिन, स्वास्थ्यकर्मीहरुको मनोबल उठाउन र समग्र स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न कठिन हुनेछ । *(बेलायतमा स्वास्थ्य सेवा व्यवस्थापनमा परामर्शदाता रहनुभएका लेखक स्वास्थ्य सेवा व्यवस्थापनको प्राध्यापक पनि हुनुहुन्छ)*

# पर्यटन क्षेत्रको विकासबाट मुलुक समृद्ध हुने

मोरङ, २३ मङ्सिर (रासस) ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पर्यटन क्षेत्रको विकासबाट मुलुकको कायापलट हुने बताउने भएको छ ।

प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्रालयद्वारा आइतबार विराटनगरमा आयोजित पदमार्गमा आधारित पर्यटन विकास परियोजना शुभारम्भ गर्दै उहाँले परियोजनाले पहाडी भेगमा पूर्वाधार निर्माण, रोजगारी, शिक्षा, स्वास्थ्यमा पहुँच पुग्नुका साथै बसाइँसराइको अन्त्यसमेत हुने धारणा राख्नुभयो ।

मुख्यमन्त्री कार्कीले नेपालको विकास र समृद्धिका लागि पहिलो प्राथमिकतामा पर्यटन भएको उल्लेख गर्दै प्रदेशले आव २०८१/८२ को नीति तथा कार्यक्रम एवं बजेटमा यस क्षेत्रको विकासलाई समावेश गरेको बताउनुभयो ।

उहाँले शुभारम्भ गरिएका चार वटा पदमार्गको २०८५ साल साउनमा सम्पन्न हुने जानकारी दिँदै यो पदमार्ग मुलुक, प्रदेश र पालिकाका लागि 'गेम चेन्जिङ' हुने विश्वास जनाउनुभयो । मुख्यमन्त्री कार्कीले भन्नुभयो, "आर्थिक विकास, पहिचान, सामर्थ्य र नेपाललाई विश्वमा पहिचान स्थापित गराउने एकमात्र क्षेत्र पर्यटन हो ।" उहाँले आगामी पाँच वर्षभित्र प्रदेशले ठूलो आर्थिक समृद्धि हासिल गर्ने दाबीसमेत गर्नुभयो ।

प्रदेशका पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डलले पदमार्ग परियोजनाले पर्यटन व्यवसाय प्रवर्द्धन हुनुका साथै यस क्षेत्रका विपन्न जनतालाई रोजगार उपलब्ध हुने धारणा राख्नुभयो । नेपालका लागि स्विट्जरल्याण्डकी राजदूत डा डानियेल म्युवलीले संविधान र सङ्घीयताको सफल कार्यान्वयनमा सधैँ साथ र सहयोग रहने बताउनुभयो । उहाँले यस परियोजनाबाट २९ पालिकाको विकास एवं यस क्षेत्रका नागरिकहरुको आर्थिक समृद्धिमा सहयोग पुग्ने विश्वास व्यक्त

*बाँकी तीन पृष्ठमा*

# धर्म, कमाई र मनोरञ्जनका प्रतीक-गढीमाई मेला

**शीतलप्रसाद महतो**
काठमाडौँ, २३ मङ्सिर (रासस)।

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक अधिराज्य हो। नेपाली सांस्कृतिक विविधताभित्र भोजपुरी संस्कृतिको आफ्नै पहिचान र महत्व छ। त्यसमा पनि प्राचीन रुपमा सम्पन्न विविध लोकनृत्य, चाडपर्व र मेला जात्राका कारण भोजपुरी संस्कृति आफैँमा गरिमापूर्ण छ। होली, दुर्गापूजा, दिपावली, छठलगायतका विभिन्न सामाजिक चाडपर्व र मेला जात्राले भोजपुरी संस्कृतिको सहिष्णुतापूर्ण इतिहासलाई झनै समृद्धशाली बनाएको छ। यस क्षेत्रमा मनाइने विविध मेला जात्रामध्ये सदा झैँ आपसी सामञ्जस्य र सद्भाव, मेलमिलाप र सौहार्दता तथा खुसी र मनोरञ्जनको पर्व आएको छ- गढीमाई मेला।

गढीमाई मेला भोजपुरी क्षेत्र अर्थात् तराई-मधेसकै एक प्राचीन सांस्कृतिक र धार्मिक सम्पदा हुन्। यहाँ प्रत्येक पाँच वर्षमा नेपाल र छिमेकी मुलुक भारतका लाखौँ हिन्दू धर्मावलम्बी भक्तजनको भीड हुन्छन्। आफ्नो मनोकामना पूरा हुने इच्छा र विश्वासका साथ माईको दर्शनका लागि आउने श्रद्धालु भक्तजनको वीरगञ्जदेखि नै सडकमा लर्को देखिन्छ। मङ्सिर शुल्क सप्तमीको मध्यरातिमा सबैभन्दा पहिले गढीमाई मन्दिरका मूल पुजारी मङ्गल चौधरीले लिपपोत गरेर विधिवत् रुपमा पूजाआर्चना गरी गढीमाईलाई रिझाउँछन्, अनि माईको मूर्तिमा पाँच वर्षसम्मको पूजाआर्चना एकैपटक गर्छन्। पुजाका लागि प्रत्येक वर्ष गाउँभरिमा नै सबैभन्दा पहिले लगाएको धानबालीबाट प्राप्त धानलाई शुद्धताका साथ राखेर गढीमाईको मेला परेको वर्षमा त्यस धानलाई कुटेर निकालिएको चामलको खिर बनाई प्रसादस्वरुप माईलाई अपर्ण गरिन्छ र त्यसपछि दुईवटा हाँसको अण्डालाई बलि दिएर पूजाअर्चना गरेपछि मात्र मूल पुजारीले तान्त्रिक विधिअनसार पुजा शुरु गर्ने गर्छन्।

मूल पुजारीले तान्त्रिक विधिअनुसार माईको पूजाआर्चना गरेपछि गाढीमाईको पुजाका लागि राखिएको दियो (बत्ती) आफैँ बल्छ र त्यसपछि मूल पुजारीले आफ्नो शरिरको महत्वपूर्ण पाँच अङ्ग जस्तै निधार, आँखाको माथिको भाग, जिब्रो, छाती र दाहिने तिघ्राको रगत दिई नरबलिको परम्परालाई कायम राखेको स्थानीय बासिन्दाहरुको भनाइ छ। मूल पुजारीले पूजा सम्पन्न गरेपछि कुभिण्डो र सेतो मुसाको बलि दिन्छन्। माईको प्रतापले बत्ती आफैँ बल्छ र सेतो मुसो पनि कर्तबाट आइपुग्छ भन्ने जनधारणा रहे पनि अचेल सेतो मुसा जङ्गलबाट समातेर ल्याउने गरिन्छ। त्यसपछि बोका, सुँगुर, राँगा र हाँसको बलि दिने गरिन्छ।

पञ्चवलि दिइसकेपछि मात्र श्रद्धालुलाई बलि चढाउने अनुरोध गर्ने प्रचलन रहेको छ। यो मेलाको विशेषता नै बत्ती आफैँ बलेपछि बलि दिन शुरु गरिन्छ र बत्ती निभेपछि बलि दिन बन्द गरिन्छ। त्यसबेलासम्म बलिदिन नसकेका राँगाहरुको कान काटेर छाड्ने प्रचलन पनि रहेको छ। यो मेलामा बनारस (भारत) का डुमराजाको राँगो बलिका लागि ल्याउने गरिन्छ, जुन सबैका लागि आकर्षणका केन्द्र हुने गर्दछ। गढीमाईको मूल मन्दिरमा बलि नदिएर त्यसलाई नजिकै अर्थात करिब ७५ मिटर पूर्व रहेको ब्रह्मस्थानमा राखिएको लिङ्गोमा बलि दिइन्छ। राँगाको बलि चाहिँ सप्तमीका दिन मात्र दिइन्छ भने बोका र अन्य पशुपंक्षीको बलि अष्टमीदेखि त्रयोदशीसम्म दिइने गरिन्छ। राँगा बलिका लागि दुई बिघा क्षेत्रफलमा फैलिएको बधशालाभित्र साढे दुई सय मार हान्नेलाई मेला मूल समितिबाट अनुमतिपत्र दिइएको छ। बधशालाको पर्खाल १२ फिट उचाइमा बनाइएको छ। अघिल्लोपटक १० हजारको हाराहारीमा राँगा सयौंको सङ्ख्यामा बोका, हाँस, परेवाको बलि दिइएको थियो।

मेलाका अवसरमा भाकल गरिएका बलि दिन नसक्नेले मकर सङ्क्रान्ति र फागुको दिन पनि बलि दिन सक्छन्। पहिले पूजाका क्रममा गढीमाई मन्दिरको वर्गाकार परिधिलाई मन्त्रद्वारा अक्षता छरेर मूल पुजारीद्वारा घेराबन्दी गरिन्छ। यसो गर्नुको उद्देश्य मेलामा कुनै प्रकारको अनिष्ट हुन नपाओस् भन्ने हो। नेपाल-भारतको विभिन्न भाग र ठाउँबाट श्रद्धालु भक्तजन गढीमाईको शुभदर्शन र भाकलको राँगा एवं बोका चढाउन आउँछन्। नेपाल र भारतबीचमा सदिऔंदेखिको सांस्कृतिक, धार्मिक र सामाजिक सम्बन्धलाई अझ सुदृढ तुल्याउनमा यस मेलाले एउटा सांस्कृतिक सेतुको काम गरेको छ।

मेलामा बलि चढाउँदा मनोकामना पूरा हुने जनविश्वास रहेको छ। मन्दिर नजिकै रहेको पोखरीमा नुहाइधुवाई गरी चोखो भएर श्रद्धालु भक्तजनहरुले गढीमाईको जय भन्दै मन्दिरमा प्रवेश गर्छन् र माईको दर्शन एवं पूजा अर्चना गर्ने गर्छन्। आइतबारदेखि मेलामा दिइने बलि र गढीमाई दर्शनका लागि दर्शनार्थीको ओइरो, रङ्गीचङ्गी सजावट, विभिन्न प्रदर्शनी, खेल तमासाका मनोरञ्जनात्मक दृश्य र व्यापारले मेलाको रौनक बढाएको छ। यस क्षेत्रका सर्वसाधारणले यो मेलालाई उत्सवका रूपमा मनाइरहेका छन्। सडक र मेलामा भीड बढेको छ। शक्तिपीठ गढीमाईप्रति आस्था राख्ने देश विदेशका दर्शनार्थी मेला भर्न आउने गरेकाले भीड व्यवस्थापनका लागि मेला मूल व्यवस्थापन समितिको आग्रहमा जिल्लाका अधिकांश विद्यालयको पठनपाठन शुक्रबारदेखि पाँच दिनका लागि बन्द गरिएको छ। यसैगरी मधेस प्रदेश सरकारले बलिका दिन प्रदेशभरि बिदा दिएको छ। यस मेलामा आउने दर्शनार्थीको सुविधाका लागि सडक, सुरक्षा, ट्राफिक, पानी, बत्ती र सञ्चारलगायतका विविध सुविधा पर्याप्त मात्रामा मिलाइएको छ।

वीरगञ्जबाट १७ किलोमिटर पूर्व र बारा जिल्लाका सदरमुकाम कलैयावाट करीब सात किलोमिटर टाढा पसाहाखोला नजिक अवस्थित गढीमाईमा यो मेला लागेको छ। पशुपंक्षीको बलिको हिसाबले यो मेला एशियाको सबैभन्दा बढी बलि दिइने शक्ति पीठको रुपमा बिख्यात छ। अघिल्लोपटक ९० लाखभन्दा बढी दर्शनार्थीले गढीमाईको पुजाअर्चना र दर्शन गरेको तथ्याक छ। यस बर्ष करिब एक करोड मानिस मेला हेर्न आउने तथा ७० हजारभन्दा बढी पशुपंक्षीको बलि चढ्ने अनुमान मेला मूल आयोजक समितिले गरेको छ। गढीमाईमा हजारौँ पशुपक्षीको बलि चढाइए पनि त्यहाँ झिँगा भने देखिँदैन। यसलाई श्रद्धालु भक्तजनले गढीमाईको महिमाको रुपमा लिने गर्छन्। बलि दिएको राँगाको टाउकालाई ब्रह्मस्थान नजिकैको चौरमा खाल्डो खनी गाडिन्छ। मेलामा ज्यादै घुइँचोले गर्दा कलैयाबाट बरियारपुर जाने बाटोमा पर्ने पसाहा नदी पार गर्नासाथ बलि दिन थालिन्छ।

यो मेलाको अर्को महत्वपूर्ण पक्ष भनेको मनोरन्जन पनि हो। ग्रामीण समुदायका लागि मनोरन्जन प्रदान गर्ने यो मेला एउटा सशक्त माध्यम बनेको छ। मेला अवधिभर विभिन्न थरीका पिङ (झुला), मौतका कुवा, सर्कस आदि मनोरञ्जनका साधन राखिएका छन् भने रातिको समयमा नाच र नौटङ्की हेरेर मनोरञ्जन गरिन्छ। बैष्णोदेवी मन्दिरले यसपालि मेलालाई थप आकर्षण बनाएको छ। मेलामा दुई वटा स्थानमा काठ र बाँसबाट वैष्णोदेवीको भव्य मन्दिरको निर्माण गरिएको छ। लाखौँ मानिस भेला हुने भएकाले यो मेलामा व्यापारिक कारोबार पनि राम्रै हुन्छ। आवश्यक पर्ने घरायसी सामानहरुको खरिद गर्न किसानहरुले मङ्सिरमा भित्र्याइएको धान बेचेर पैसाका जोहो गरेका हुन्छन्।

जाडोयाममा लाग्ने यो मेलामा विशेषगरी पहाडबाट ल्याइएका सुन्तला, जडिवुटी, कम्बल, तेजपात, पहाडी फलफूलहरु, खुकुरी, घीउ र महजस्ता सामानहरु तराई वा भारतीय ग्राहकहरुले किनेर जैजान्छन् भने पहाडका ग्राहकले कपडा, फलामका सामान, भाँडाकुँडा र मसाला किन्छन्। कस्मेटिक्स र सस्ता गरगहनालगायतका सामानहरु बेच्ने पसलहरुमा महिलाको भिडभाड देखिन्छ। दही, च्यूरा, जेरीपुरी र मिठाइ बेच्ने पसलहरुलाई पनि भ्याइनभ्याइ हुन्छ।

गढीमाई मेला आफ्नो इष्टमित्र र नातागोतासँग मिल्ने तथा भेटघाट गर्ने अवसर पनि हो। मेला लाग्ने आसपासका गाउँ र सहरका घरघरमा पाहुना भरिभराउ छन्। वीरगञ्ज, कलैयालगायत वरिपरिका गाविसहरुमा टाढाटाढाबाट मेला हेर्न आएका आफन्तहरु दुई/चार दिन बस्ने गर्दछन्, जसलाई मेहमानी भन्ने गरिन्छ। बरियापुर नजिकका झण्डै आधादर्जन बढी गाउँमा गाउँलेहरुले मेहमानीका लागि मेला सुरु हुनुभन्दाअघिदेखि नै चामल, दाल र ओढ्ने ओछ्याउने कपडालगायतका बन्दोबस्तीका सामानहरु जोहो गरेर राखेका हुन्छन्। धर्म, कमाई र मनोरञ्जनका हिसाबले सर्वाधिक प्रख्यात यो पौराणिक मेलामा पहाडी र मधेसी समुदायको वास्तविक झझल्को पाइन्छ। यस अर्थमा गढीमाईको मेला सद्भावको मेला पनि हो। आत्मीयता, आनन्द र आस्थाको अटुट प्रदर्शनस्थलको रुपमा रहेको यस मेलालाई बढी व्यवस्थित पार्नका लागि सबै पक्षबीच समन्वय, समझदारी र सहकार्य हुनुपर्दछ।

## *पर्यटन क्षेत्रको...*

गर्नुभयो।

कार्यक्रममा मन्त्रालयका सचिव विशाल घिमिरे र फिदिम नगरपालिकाका प्रमुख नेत्रप्रसाद काफ्लेले पदमार्गबाट यसक्षेत्रमा आर्थिक उत्थान, रोजगारी र विकासको पहुँच पुग्ने धारणा राख्नुभयो। कार्यक्रम संयोजक डा मानबहादुर विश्वकर्माले कोशी प्रदेश पदमार्ग आधारित 'पर्यटनको सन्दर्भ र सम्भावना' विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

सोही अवसरमा प्रदेश सरकार, स्विस सरकार र प्रदेशका २९ पालिकाकाका प्रमुख, उपप्रमुख एवं कार्यकारी अधिकृतहरुसँग त्रिपक्षीय समझदारीपत्रमा हस्ताक्षर गरिएको थियो। प्रदेशमा पर्यटनको नयाँ सम्भावनालाई ध्यानमा राखेर स्वीस सरकारको सहयोगमा २०८५ साल साउनसम्ममा परियोजना सक्नेगरी पदमार्गमा आधारित पर्यटन विकास आयोजना सुरु गरिएको हो।

स्वीस सरकारको रु एक अर्ब ३५ करोड १५ लाख, कोशी प्रदेश सरकारको रु ४५ करोड ८७ लाख, प्रदेश २९ वटा स्थानीय तहको रु ४४ करोड ६७ लाख र नेपाल सरकारको रु १९ करोड ९२ लाख गरेर परियोजनाको लागत रु दुई अर्ब ४५ करोड ६१ लाख रहेको छ।

यो परियोजनाअन्तर्गत चियाबारी पदमार्ग (इलाम, फिक्कल र श्रीअन्तु), फाल्गुनन्द पदमार्ग (फिदिम, छिन्ताप्पु, सन्दकपुर, माइपोखरी र इलाम) लालीगुराँस पदमार्ग (तुम्लिङटार, खादबारी, नुम गुफा पोखरी, वसन्तपुर, जलजले, तीनजुरे र मिल्के) र मुन्धुम पदमार्ग ( तावाभञ्ज्याङ, ट्याम्केडाँडा, चखेवा, डालसिङ्गे, धोत्रे, जलजले, हाँसपोखरी र मयुङ्डाँडा) रहेका छन्। यो पदमार्ग परियोजनाले प्रदेशको समृद्धि र विकासका लागि सहयोग पुग्ने मन्त्रालयका सचिव घिमिरेले जानकारी दिनुभयो। स्वीस सरकारले कोशी प्रदेश सरकारलाई २०७६ सालदेखि विभिन्न परियोजनामा सहयोग गर्दै आएको छ।

## विश्व समाचार

### सिरियामा असद शासन अन्त्य भएको विद्रोहीको घोषणा

दमास्कस, २३ मङ्सिर (रासस/एएफपी)।

कुर्दिस नेतृत्वको विद्रोहीले आइतबार दमास्कसमाथि धावा बोलेको र राष्ट्रपति बशर अल असद भागेको दावी गरेको छ। उनीहरूले सिरियामा पाँच दशक लामो बाथ शासनको अन्त्य भएको घोषणा गरेका छन्। सिरियाको राजधानी दमास्कसमा विद्रोही समूहले राष्ट्रपति असदको बहिर्गमनको घोषणा गर्दै 'हामी दमास्कस शहरलाई स्वतन्त्र घोषणा गरेका छौँ' भन्दै सडकमा विजय उत्सव मनाएका देखिन्थे।

दमास्कसबाट एएफपी टिभीले खिचेको तस्बिरमा विद्रोहीहरूले सूर्योदयको समयमा हवाई फाएर गरेका, केहीले विजयको चिन्ह चम्काइरहेको र 'अल्लाहु अकबर' वा ईश्वर महान् हुनुहुन्छ भनी चिच्याइरहेको देख्न सकिन्छ। तस्वीरमा कोही उत्सव मनाउन सेनाका बख्तरबन्द गाडीमाथि चढेका कोही असदका पिता हाफेजको ढलेको शालिकमा सुतेर तस्वीर लिइरहेको देखिएको छ।

दमास्कसका बासिन्दा आमेर बाथाले एएफपीसँग फोनमा भन्नुभयो। "म विश्वास गर्न सक्दिनँ कि म यो क्षणको प्रत्यक्षदर्शी बनिरहेको छु। "हामी यो दिनको लागि लामो समयदेखि पर्खिरहेका थियौँ", उहाँले भन्नुभयो, "हामीले सिरियाका लागि नयाँ इतिहास लेख्न सुरु गर्दैछौँ।

इस्लामिक हयात तहरीर अल-शाम (एचटीएस) समूहले असद परिवारको पाँच दशकभन्दा लामो शासनलाई चुनौती दिँदै आफ्नो अभियान सुरु गरेको दुई हप्ता नबित्दै राष्ट्रपतिको कथित बहिर्गमन भएको बताइएको छ।

"बाथ शासनमा ५० वर्षको उत्पीडन, १३ वर्षको अपराध र अत्याचार र (जबर्जस्ती) विस्थापनपछि हामी आज यो कालो समयको अन्त्य र सिरियाका लागि नयाँ युगको सुरुवातको घोषणा गर्दछौँ,' विद्रोही समूहले टेलिग्राममा भनेका छन्।

सिरियाली प्रधानमन्त्री मोहम्मद अल जलालीले सिरियाली जनताले रोजेको कुनै पनि नेतृत्वसँग सहकार्य गर्न आफू तयार रहेको बताउनुभएको छ। बेलायतस्थित सिरियाली युद्ध अनुगमनकारी संस्था (सिरियन अब्जरभेटरी फर ह्युमन राइट्स) का प्रमुख रामी अब्देल रहमानले एएफपीसँग भन्नुभयो, राष्ट्रपति असदले दमास्कस अन्तर्राष्ट्रिय विमानस्थल हुँदै सिरिया छोडिसक्नुभएको छ।"

हिजबुल्लाहको नजिकको स्रोतले राष्ट्रपति असदको प्रमुख सहयोगीका लडाकुहरूले दमास्कस वरिपरि आफ्नो स्थान छोडेको बताएको एएफपीसँग बताएको छ। एचटीएसका अनुसार उनीहरूका लडाकुहरू राजधानीको बाहिरी भागमा रहेको 'सेदनायाको जेलमा निरंकुशताको युगको अन्त्य' को घोषणा गरेका थिए। उक्त जेल राष्ट्रपति असदको युगको सबैभन्दा चरम यातना दिने जेलको रूपमा विद्रोहीहरूले हेर्ने गरेका थिए। यसैबीच अमेरिकी राष्ट्रपति जो बाइडनले सिरियामा भइरहेको 'असाधारण घटना'लाई नजिकबाट नियालिरहेको ह्वाइट हाउसले जनाएको छ।

### जेलेन्स्की रूससँग 'सम्झौता' गर्न तयार रहेको ट्रम्पको दाबी

पेरिस, २३ मङ्सिर (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्की रूससँगको युद्ध अन्त्यका लागि 'सम्झौता' गर्न इच्छुक रहेको बताउनुभएको छ। फ्रान्सेली राष्ट्रपति इमानुएल म्याक्रोँले जेलेन्स्की र ट्रम्पसँग शनिबार एलिसी प्यालेसमा आयोजना गर्नुभएको त्रिपक्षीय वार्तापछि ट्रम्पको उक्त भनाइ आएको हो।

ट्रम्पले युक्रेनलाई पठाइएको अर्बौं डलरको सैन्य सहायताको खुलेर खिल्ली उडाउँदै आफ्नो निर्वाचन अभियानका क्रममा आफु राष्ट्रपति निर्वाचित भएमा जिम्मेवारी सम्हालेको २४ घण्टाभित्र नै द्वन्द्व अन्त्य गर्न सक्ने दाबी गर्नुभएको थियो। ट्रम्पले आफ्नै लगानीमा सञ्चालित सामाजिक सञ्जाल ट्रुथ सोसल प्लेटफर्ममा लेख्नुभएको छ, "जेलेन्स्की र युक्रेन सम्झौता गर्न र युद्ध रोक्न चाहन्छन्।"

उहाँले अगाडि भन्नुभएको छ, "तत्काल युद्धविराम हुनुपर्छ र वार्ता सुरु हुनुपर्छ। धेरैको जीवन यति अनावश्यक रूपमा बर्बाद भइरहेको छ। धेरै परिवारहरू गुमेका छन्। यदि यो जारी रह्यो भने यो धेरै ठूलो क्षति र अझ खराब अवस्थामा परिणत हुन सक्छ।"

त्रिपक्षीय भेटको केही घण्टामा नै अमेरिकी राष्ट्रपति जो बाइडन प्रशासनले युक्रेनका लागि ९८ करोड ८० लाख अमेरिकी डलरको नयाँ सैन्य सहायता प्याकेज घोषणा गरेको छ।पेन्टागनका अनुसार उक्त प्याकेजमा ड्रोन, हिमार्स रकेट लञ्चरका लागि गोलाबारुद, लामो दूरी मार हान्न सक्ने हतियार, ट्याङ्क र बख्तरबन्द गाडीका लागि उपकरण र त्यसका सामान समावेश गरिएको छ।

ट्रम्पले युक्रेनमा आन्तरिक रूपमा अलोकप्रिय सहुलियतसहित शान्तिको लागि दवाब दिनसक्ने चिन्ता छ। जेलेन्स्कीले रूससँग कुनै पनि सम्झौता समतामूलक हुनुपर्नेमा जोड दिनुभएको बताइएको छ।

"हामी सबै शान्ति चाहन्छौं। तर यो हाम्रो लागि धेरै महत्त्वपूर्ण छ शान्ति हामी सबैका हसनुपर्छ र रूस र रूसी राष्ट्रपति भ्लादिमिर पुटिन वा अन्य कुनै आक्रमणकारी अव कहिल्यै युक्रेनमा नफर्कने सम्भावनालाई सुनिश्चित गर्नुपर्छ," जेलेन्स्कीले भन्नुभयो।

उहाँले भन्नुभयो, "सबैभन्दा महत्वपूर्ण कुरा न्यायपूर्ण शान्ति र सुरक्षाको प्रत्याभूतिको हो। युद्धविराम वा शान्ति सम्झौताले युक्रेनका लागि बलियो सुरक्षा सुनिश्चित गर्नु आवश्यक छ।" जेलेन्स्कीले वार्तालाई 'राम्रो र फलदायी' भन्दै ट्रम्पको दृढ सङ्कल्पका लागि धन्यवाद पनि दिनुभएको बताइएको छ।

नोट्रे डेम क्याथेड्रलको पुनः उद्घाटन समारोहमा भाग लिनुभन्दा ठीक अघि ट्रम्पसँगको जेलेन्स्कीको भेट, अमेरिकी चुनावमा विजय हासिल गरेपछि विश्वका धनाड्यबाट राजनीतिज्ञ बनेका ट्रम्पसँगको पहिलो प्रत्यक्ष भेट थियो। छलफलप्रति आफ्नो प्रतिक्रियामा म्याक्रोँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "शान्ति र सुरक्षाका लागि संयुक्त प्रयास जारी राखौँ।"

मध्यपूर्वको सङ्कटमा युरोपेली मित्रराष्ट्रहरूले बाइडेनसँग घनिष्ठ सम्बन्ध कायम गरेका छन्, तर ट्रम्पले सहयोगी पश्चिमा राष्ट्र र संयुक्त राज्य अमेरिकालाई अझ टाढा र इजरायललाई नजिकबाट राख्ने सम्भावना छ।

# लालबन्दीका तीन छात्र मिलेर इभी ट्र्याक्टर बनाए

सर्लाही, २३ मङ्सिर (रासस)।

कक्षा ११ र १२ पढ्दै गरेका तीन छात्रले मिलेर विद्युतीय ट्र्याक्टर निर्माण गरेका छन्। लालबन्दी नगरपालिका–९ बस्तीपुरस्थित आइडियल कोएड एकेडेमीका छात्रले विद्युतीय ट्र्याक्टर निर्माण गरेका हुन्।

विद्यालयको १२ कक्षामा अध्ययनरत पल्लव कौशिक, नवराज बस्नेत र आशिष महतोले विद्यालयको सहयोगमा ब्याट्रीबाट चल्ने ट्र्याक्टर निर्माण गरेका प्रधानाध्यापक राजु पञ्जियारले जानकारी दिनुभयो। उक्त ट्र्याक्टरबाट साना किसानले खेतीपातीमा राम्रो सुविधा लिन सक्ने विद्यालयका विज्ञान शिक्षक सबिन चौधरीको भनाइ छ। उक्त इभी ट्र्याक्टरमा १२ भोल्टेज एक सय ५० एम्पियरको चारवटा ब्याट्री प्रयोग गरिएको इलेक्ट्रिक पाटो सम्हालेका छात्र आशिष चौधरीले बताए। तीन पाङ्ग्रे ट्र्याक्टरमा सामान बोक्ने ट्रली र खेत जोत्न रोटाभेटर जडान गरिएको छ।

ट्र्याक्टरमा ट्रलीको सामान हाइड्रोलिकको सहायताले खन्याउने सुविधा पनि छ। "रोडाभेटर समेत निकै उच्च गुणस्तरको रहेकाले खेत राम्रोसँग जोत्न मिल्छ", छात्र पल्लव कौशिकले भने, "थोरै खेत भएका साना किसानका लागि जोत्न, गोडमेल गर्न तथा सामान्य बालीनाली खेतबाट बजारसम्म लैजान सुविधा हुन्छ।"

विज्ञान तथा प्रविधिमा निकै चाख मानेर पढ्ने छात्रहरूको अन्तरनिहित क्षमता बाहिर ल्याउने उद्देश्यसहित इभी निर्माणमा प्रोत्साहन गरिएको प्रधानाध्यापक पञ्जियारले बताउनुभयो। "साना हौसलाले उनीहरूले ठूलो क्षमता प्रदर्शन गरेका छन्", उहाँले भन्नुभयो, "राष्ट्रिय आविष्कार केन्द्रका प्रमुख वैज्ञानिक महावीर पुनले समेत छात्रलाई सामानसहित लगेर थप स्तरीय बनाउने र व्यावसायिक बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।"

छात्रहरूले गत मङ्गलबार र बुधबार बलरा नगरपालिका–४ गढहिया डुमरियामा भएको दुईदिने जिल्लास्तरीय विज्ञान प्रदर्शनीमा उक्त ट्र्याक्टर प्रदर्शन गरेका थिए। आधुनिक प्रविधिको प्रयोगबाट निर्माण गरिएकाले यसले व्यावसायिक सफलता पाउने छात्रहरूको दाबी छ। अहिलेलाई क्षमता प्रदर्शनको माध्यम भए पनि नयाँ कुराको आविष्कार रुचिको विषय भएको छात्र कौशिक बताउँछन्।

कवाडीमा फालिएका मोटरसाइकलका पार्ट्स, विभिन्न साइजका फलामका टुक्रा र काठको प्रयोग गरेर निर्माण गरिएको यस विद्युतीय ट्र्याक्टर निर्माणमा रु एक लाख १५ हजार बढी खर्च भएको छ। आफूहरूको लागि यो निकै ठूलो सिकाइ भएको भन्दै आगामी दिनमा बन्ने ट्र्याक्टर अझै कम मूल्यमा निर्माण सम्पन्न हुने छात्र बस्नेत बताउँछन्।

"हामीले नजानेर केही सामान नास भए, केही बिग्रिए, यसले गर्दा यसमा केही खर्च बढेको छ", उनले भने, "अन्य सामानको परिमाणले समेत थप लागत कम हुने अपेक्षा गरेका छौं।" यसले गर्दा सामान्यभन्दा सामान्य किसानका लागि यो उपयोगी बन्नेमा आफूहरू ढुक्क रहेको छात्र महतोले बताउनुभयो। छात्रहरूको मेहनत र क्षमतालाई उनीहरूको चाहनाअनुसार नै थप परिस्कृत गर्ने योजना रहेको विद्यालयले जनाएको छ।

निर्माण गरेको विद्युतीय ट्र्याक्टर गुडाएर देखाउँदा अभिभावक तथा शिक्षक शिक्षिकाले खुसी व्यक्त गर्नुभएको थियो। इन्धनको रूपमा ब्याट्रीको प्रयोग वातावरणीय हिसाबले उपयुक्त रहेको तथा एकपटक चार्ज गर्दा एक सय ९० किलोमिटरसम्म गुड्ने यसले डिजल, पेट्रोलको दाँजोमा खर्च कम हुने छात्रहरूको दाबी छ। यसमा एकपटकमा ६ क्विन्टलसम्म सामान बोकेर सहजै गुड्ने क्षमता रहेको उनीहरू बताउँछन्।

# आयोगद्वारा वीरगञ्जका उद्योगी–व्यवसायीसँग सुझाव सङ्कलन

पर्सा, २३ मङ्सिर (रासस)।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगले वीरगञ्जका उद्योगी तथा व्यवसायीसँग अर्थतन्त्र सुधारका लागि आवश्यक सुझाव सङ्कलन गरेको छ। आयोगले आइतबार यहाँ आयोजित छलफल तथा अन्तरक्रिया कार्यक्रममा उद्योगी तथा व्यवसायीको सुझाव लिएको हो।

उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका संयोजक रामेश्वर खनालले अहिलेको अर्थतन्त्रमा देखिएका समस्याहरुको पहिचान गरेर सुधार गर्नका लागि सुझाव सङ्कलनको कार्य गरिरहेको जानकारी दिनुभयो। "आयोगको गठन भएपछि यहाँका उद्योगी–व्यवसायीले भोगिरहेका समस्याका विषयमा आवश्यक सुझाव लिनका लागि आएका हौँ", उहाँले भन्नुभयो, "यहाँका उद्योगी व्यवसायीले दिएको सुझावलाई प्रतिवेदनमा समावेश गरेर सुधारको आवश्यक रणनीति अघि बढ्नेछ।"

पूर्वअर्थसचिव समेत रहनुभएका खनालले नेपालले २०४८ सालपछि एक पटक आर्थिक सुधारमा निकै राम्रो फड्को मारेको बताउनुभयो। "विसं २०४७ सालमा प्रजातन्त्र पुनःस्थापना भएसँगै नेपालको अर्थतन्त्रले फड्को मारेको थियो", उहाँले भन्नुभयो, "अर्थतन्त्रका देखिएका समस्यालाई मध्यनजर गर्दै समाधान गर्नका लागि सुझाव सङ्कलन कार्यक्रमले ठूलो अर्थ राख्नेछ।"

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले आर्थिक मन्दीको कारणले मुलुकको अर्थतन्त्रमा समस्या आएकाले उद्योगी व्यवसायी धरासायी हुने अवस्थामा पुगेको गुनासो गर्नुभयो। "भारत सरकारले वस्तु तथा सेवा कर (जिएसटी)लागू गरेपनि नेपाल सरकारले मान्यता नदिँदा उद्योगी व्यवसायी मर्कामा परेका छन्", उहाँले भन्नुभयो, "नेपाल–भारत खुला सीमाक्षेत्रको कारणले अवैध व्यापार रोकिएको छैन। त्यसलाई नीतिगत रुपमा सुधार गर्न आवश्यक भइसकेको छ।"

मन्त्रिपरिषद्को गत असोजमा बसेको बैठकले पूर्वअर्थसचिव खनालको संयोजकत्वमा पाँच सदस्यीय आयोग गठन गरेको थियो। आयोगका सदस्यमा राष्ट्रिय योजना आयोगका सदस्य डा प्रकाशकुमार श्रेष्ठ, त्रिभुवन विश्वविद्यालय अर्थशास्त्र केन्द्रीय विभागका प्रमुख प्राडा रामप्रसाद ज्ञवाली, अर्थविद् डा विश्वास गौचन र नीति अनुसन्धान प्रतिष्ठानका वरिष्ठ अनुसन्धानकर्ता डा कल्पना खनाल रहनुभएको छ।

गत मङ्सिर ६ गते बसेको मन्त्रिपरिषद्को बैठकले आयोगमा नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकाल, नेपाल उद्योग परिसङ्घका अध्यक्ष राजेशकुमार अग्रवाल र नेपाल चेम्बर अफ कमर्शका अध्यक्ष कमलेशकुमार अग्रवाललाई थप सदस्यमा राखेको थियो।

# स्वस्थ्य नेपाल र स्वस्थ्य भावी पुस्ता बनाउने हाम्रो लक्ष्य हो : स्वास्थ्य मन्त्री पौडेल

काठमाडौँ, २३ मङ्सिर (रासस)।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री प्रदीप पौडेलले स्वास्थ्य संरचनालाई निरोधात्मक पक्षमा ध्यान दिँदै चेतनाको अभिवृद्धिमा काम गर्न आवश्यक रहेको बताउनुभएको छ।

राष्ट्रिय जनस्वास्थ्य दिवसका अवसरमा नेपाल जनस्वाथ्य सङ्घले आइतबार आयोजना गरेको कार्यक्रममा उहाँले स्वस्थ्य नेपाल र स्वस्थ्य भावी पुस्ता बनाउने कुरामा लागिपर्नुपर्नेमा जोड दिनुभएको हो।

"बिरामी हुँदा उपचार गर्ने राज्यको दायित्व हो। तर बिरामीको सङ्ख्या बढ्दै जाँदा सबैको निःशुल्क उपचार गर्न नसकिने अवस्था पनि हुन्छ", उहाँले भन्नुभयो, "सबैलाई कसरी निरोगी बनाउने र कम खर्चमा कसरी सेवा गर्न सकिन्छ त भन्ने मुख्य कुरा हो।" उहाँले जनस्वास्थ्य क्षेत्रको उपस्थितिले यी लक्ष्य हासिल गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले स्वास्थ्य क्षेत्रमा जनस्वास्थ्य अधिकृतको आवश्यकता रहेको उल्लेख गर्नुभयो। उहाँले भन्नुभयो, "स्रोत व्यवस्थापन गर्न सकियो भने सबै स्थानीय तहमा जनस्वास्थ्य अधिकृत चाहिन्छ, स्वास्थ्य ऐन छुट्टै चाहिएकै छ। बनाउने क्रममा छौं। जनस्वास्थ्यकर्मीको दक्षता नीति निर्माणमा चाहिएको छ।"

सङ्घका उपाध्यक्ष तेजप्रसाद दुलालले जनस्वास्थ्य विषयका महत्व तथा यस क्षेत्रका सवाललाई उजागर गरेर राज्यका विभिन्न निकाय तथा सरोकारवालालाई यसको प्राथमिकताबारेमा सचेतना गर्ने उद्देश्यले दिवस मनाउने गरेको बताउनुभयो।

उहाँले भन्नुभयो,"हामी दशौं हजारको सङ्ख्यामा छौं तर अझै पनि सबै सङ्गठित हुन सकेका छैनौं। नीति बनाउँदा जनस्वास्थ्यको विषयलाई पनि ध्यान दिनुपर्छ। उत्पादन भइरहेको छ तर जनशक्तिलाई कसरी काममा लगाउने सोच्नुपर्छ। दक्ष जनशक्तिलाई विदेश पलायन हुन बाट रोक्नुपर्छ।"

नेपाल जनस्वास्थ्य सङ्घ २०४७ साल मङ्सिर २३ गते स्थापना भएको हो। सङ्घले यस वर्ष 'जनस्वास्थ्य लगानी गरौं, स्वस्थ्य राष्ट्र निर्माण गरौं' भन्ने नाराका साथ सप्ताहव्यापी सातै प्रदेशमा दिवसको अवसरमा कार्यक्रम सञ्चालन गरेको छ।

# विष्टको नेतृत्वमा प्यानल घोषणा

**दैनिक समाचारदाता**
**काठमाडौं, २३ मंसिर।**

नेपाल पत्रकार महासङ्घको आसन्न निर्वाचनमा अध्यक्षका उम्मेद्वार रमेश विष्टले आफ्नो नेतृत्वको प्यालन सार्वजनिक गर्नुभएको छ। यहाँ आइतबार पत्रकार सम्मेलन गरी विष्ट नेतृत्वको प्यानल सार्वजनिक गरिएको हो।

विष्ट नेतृत्वको प्यानलबाट वरिष्ठ उपाध्यक्षमा रोशन पुरी, महिला उपाध्यक्षमा गङ्गा पौडेल (बराल), समावेशी उपाध्यक्षमा सुभासप्रसाद साह र महासचिवमा लेखनाथ न्यौपानेको उम्मेदवारी रहेको छ।

यस्तै, खुला सचिवमा उत्तरसिंह विष्ट, मधेशी सचिवमा श्रीजन झा, महिला सचिवमा सरिता बराइली, दलित सचिवमा वसन्त विक, आदिवासी जनजाति सचिवमा भीषण राई, एशोसिएट सचिवमा विकास कार्की र कोषाध्यक्षमा रामकृष्ण अधिकारीले उम्मेदवारी दिनुभएको छ।

यस्तै, विष्टको प्यालनबाट कोशी प्रदेश केन्द्रीय सदस्यमा तीर्थ सिग्देल र दीपेन्द्रकुमार राई, मधेश प्रदेश केन्द्रीय सदस्यमा राजु विश्वकर्मा र सञ्जयकुमार राउत, बागमती प्रदेश केन्द्रीय सदस्य उपत्यकाबाहेकमा मणिराज गौतम र मीनकुमार दाहाल हुनुहुन्छ। गण्डकी प्रदेश केन्द्रीय सदस्यमा दीपक भट्टराई, लुम्बिनी प्रदेश केन्द्रीय सदस्यमा यानेन्द्र जिसी र सुमन अधिकारी, कर्णाली प्रदेश केन्द्रीय सदस्यमा देवीराम देवकोटा र यज्ञराज थापा, सुदूरपश्चिम प्रदेश केन्द्रीय सदस्यमा डिलबहादुर सिंह र रामसिंह ठगुन्ना तथा उपत्यका प्रदेशमा अर्जुन पन्त र सूर्य सुवेदी उम्मेदवार रहनुभएको छ।

प्रतिष्ठान प्रदेश केन्द्रीय सदस्यमा वीरेन्द्र ओली र साहस भट्ट, खुला केन्द्रीय सदस्यमा केशवबहादुर भुल, दामोदर खनाल, लेखनाथ खतिवडा, बुद्ध लोप्चन र रामकुमार श्रेष्ठ, आदीवासी, जनजाति केन्द्रीय सदस्यमा सरु राना, मधेसी केन्द्रीय सदस्यमा मीनाकुमारी यादव, खस आर्य केन्द्रीय सदस्यमा दिया चन्द र दलित सदस्यमा लक्ष्मण दर्नाल उम्मेदवार छन्।

त्यसैगरी, आदिवासी जनजातितर्फ अर्जुनबहादुर तामाङ, मधेसीमा चन्द्रदेव कामती (पुरुष), ललिताकुमारी साह (महिला), अपाङ्गतातर्फ केन्द्रीय सदस्यमा अर्जुन काफ्ले, अल्पसङ्ख्यकतर्फ केन्द्रीय सदस्यमा बख्तियार अली, लेखा समिति संयोजकमा ध्रुव रावल तथा लेखा समिति सदस्यहरूमा गणेशप्रसाद बन्जाडे र लक्ष्मी चौधरी उम्मेवार रहेका छन्।

# लामिछानेलाई चार दिन हिरासतमा राख्न अनुमति

गण्डकी, २३ मङ्सिर (रासस)।

सहकारी ठगी एवम् सङ्गठित अपराधसम्बन्धी अनुसन्धानका क्रममा कास्की प्रहरीको हिरासतमा रहनुभएका पूर्वगृहमन्त्री एवम् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेलाई थप चार दिन हिरासतमा राख्न अदालतले अनुमति दिएको छ।

म्याद थपका लागि लामिछानेलाई आइतबार कास्की जिल्ला अदालतमा उपस्थित गराइएकोमा न्यायाधीश हिमलाल बेलबासेको इजलासले चार दिन म्याद थप्ने अनुमति दिएको कास्की जिल्ला अदालतका सूचना अधिकारी सुरज अधिकारीले जानकारी दिनुभयो।

गत कात्तिक २ गते काठमाडौंबाट पक्राउ गरी पोखरा ल्याइनुभएका लामिछाने त्यस यता प्रहरी हिरासतमा हुनुहुन्छ। उहाँलाई त्यसपछि उहाँलाई अनुसन्धानकै क्रममा रुपन्देही, काठमाडौं र चितवन समेत लगेर बयान लिइएको थियो।


## सुरक्षित अन्न भण्डारण गरौं

- भण्डारण गर्नुभन्दा पहिला अनाजलाई राम्ररी सुकाऔं,
- अन्नलाई सफा, सुख्खा, कम आद्रता भएको ठाउँमा राखौं,
- भकारी वा अन्न राखेको भाडोलाई भुईमा नराखौं, काठ वा फ्ल्याकमाथि राखौं,
- स्टिल वा टिनका भाडाँमा अन्न ओसिन नदिन भित्रबाट पेन्ट गरेर मात्र राखौं,
- भण्डारण गर्ने कोठामा हावाको राम्रो बन्दोवस्त मिलाऔं,
- अन्न भण्डारको समय-समयमा निगरानी गरौं,
- अन्न भण्डारमा लाग्ने घुन, किराहरुको व्यवस्थापनका लागि रसायनिक विषादीको साटो स्थानीयस्तरमा उपलब्ध हुने जैविक प्रविधिको प्रयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*